# महालेखापरीक्षकको कार्यालय
# Office of the Auditor General

Phone: 4258174
4266034
4255707
A.G. Fax : 977-1-4268309
Fax : 977-1-4262798
Post Box : 13328
बबरमहल, काठमाडौं, नेपाल
Babar Mahal, Kathmandu, Nepal


महालेखा परीक्षकको कार्यालय
नेपाल
२०१६

## प्रेश विज्ञप्ती

(आमसञ्चारका माध्यमका तत्काल उपयोगको लागि)

२०७४ कार्तिक १७ गते, शुक्रबार ।

माननीय महालेखा परीक्षक श्री टंकमणि शर्मा (दंगाल) र स्वास्थ्य सचिव डा. किरण रेग्मी सहितको टोली बीच स्वास्थ्य मन्त्रालय र अन्तर्गतका कार्यालयहरुको लेखापालन तथा व्यवस्थापन, लेखापरीक्षण तथा स्वास्थ्य सेवा प्रवाह लगायत विषयमा महालेखापरीक्षकको कार्यालयमा छलफल तथा अन्तक्रिया सम्पन्न भयो ।

सो कार्यक्रममा महालेखापरीक्षकको कार्यालयले स्वास्थ्य मन्त्रालय र अन्तर्गतका कार्यालयहरुमा देखिएको वित्तीय अनुशासन पालनाको स्तर र लेखापरीक्षणबाट देखिएका व्यहोराहरु बारे जानकारी गराएको छ । सो अवसरमा महालेखा परीक्षकज्यूले स्वास्थ्य सेवा प्रवाह, कर्मचारी व्यवस्थापन, सम्पति व्यवस्थापन, आर्थिक अनुशासन तथा सुचना प्रविधिलाई निर्णय प्रक्रिया तथा सेवा सुधारमा उपयोग गर्नु पर्नेमा जोड दिनुभएको छ । कार्यक्रममा स्वास्थ्य मन्त्रालयको टोलीले लेखापालन तथा बजेट नियन्त्रण प्रणाली (TABUCS) बारे प्रस्तुतिकरण गरेको थियो । सो कार्यक्रममा स्वास्थ्य मन्त्रालयका सचिवले कार्य प्रगति स्थिति बारे जानकारी गराउदै लेखापरीक्षणबाट दिईएका सुझावहरुको कार्यान्वयन गर्न मन्त्रालय प्रतिवद्ध रहेको बताउनु भयो ।

..................
(उद्धवचन्द्र श्रेष्ठ)
नायव-महालेखापरीक्षक/ प्रवक्ता